कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १६० | वि.सं. २०८१ असोज ४ शुक्रवार | नेपाल संवत: ११४४, असोज कृष्ण तृतिया | Friday 20 September. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

### कालिकोटको सुनथराली विमानस्थल

# परीक्षण उडानको आठ महिनासम्म पनि लागेन नियमित उडानको टुङ्गो

**रमेश रावल**
**सुर्खेत, ३ असोज ।**

कालिकोटको नरहरिनाथ गाउँपालिका-१, स्थित कोटबाडामा रहेको सुनथराली विमानस्थल निर्माण थालिएको ३९ वर्षपछि सम्पन्न भएको थियो। वि.सं. २०४२ सालबाट निर्माण थालिएको विमानस्थल ३९ वर्षमा पुरा भएपनि परीक्षण उडानमा मै सिमित भएको छ। विमानस्थल निर्माण थालिएको झण्डै चार दशक मात्रै बितेको छैन यस अवधिमा विमानस्थल निर्माणका क्रममा ३५ जना मजदुरले ज्यान पनि गुमाएका छन् ।

> ‘सुनथराली विमानस्थलमा जहाज उडानका लागि हामी जुनसुकै कम्पनीलाई पनि अनुमति दिन तयार छौं

विगत ३९ वर्षदेखि निर्माण थालिएको विमानस्थलमा हालका प्रधानममन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, पूर्व उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, कर्णालीका पूर्वमुख्यमन्त्रीहरु जीवनबहादुर शाही, महेन्द्रबहादुर शाही र राजकुमार शर्मादेखि कयौं मन्त्रीहरू कोटबाडा विमानस्थलमा पुगेर राजनीतिक भाषण गरेका छन्। उनीहरुकै एउटै बोली हुन्छ। ‘परीक्षण उडान गर्ने, परीक्षण उडानपछि नियमित उडान गर्ने ।’ तर, दुई पटक परीक्षण उडान भएको विमानस्थलमा नियमित उडानको टुङ्गो भने अहिलेसम्म लाग्न सकेको छैन।

विभिन्न राजनीतिक दलका शिर्ष नेताहरू आएर विमानस्थल सञ्चालन गर्ने बाचा गरेको भएपनि हालसम्म पनि विमानस्थल सञ्चालनमा आउन नसकेको स्थानीय विमल विष्टले बताए। ‘चुनावका बेला सबैले विमानस्थल नियमित उडान गर्ने बाचा गर्छन्,’ उनले भने, ‘अहिलेसम्म नियमित उडानको टुङ्गो भने लाग्न सकेको छैन् ।’



## दुई पटक परीक्षण उडान

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री रहेका जीवनबहादुर शाही संस्कृती, पर्यटन तथा नागरिक उड्यनमन्त्री हुँदा २९ माघ २०७३ मा पहिलो पटक यो विमानस्थलमा परीक्षण उडान सफल भएको थियो। त्यसयता १४ फागुन २०८० मा पूर्व उपप्रधान तथा रक्षा मन्त्री पुर्णबहादुर खड्का, पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती, कर्णालीका पूर्व मुख्यमन्त्री राजकुमार शर्मा, पूर्व मुख्यमन्त्रीद्वय महेन्द्रबहादुर शाही र जीवनबहादुर शाहीसहितको टोलीले नेपाल एयरलाइन्स र तारा एयरका दुईवटा जहाज अवतरण गरेर विमानस्थलको उद्घाटन गरेका थिए।

विमानस्थलको उद्घाटन गर्दै पूर्व उपप्रधान तथा रक्षामन्त्री पुर्णबहाददुर खड्काले लामो समयपछि निकै मेहनत र कठिन परिस्थितीका बाफजुत विमानस्थलको उद्घाटन भएको बताएका थिए। उनले विमानस्थल निर्माणमा गोली खाएर मारिएका एक नाबालक सहित ३५ जना धादिङ जोगिमाराका मजदुरप्रति श्रद्धान्जली व्यक्त गरेका थिए। नियमित उडानका लागि स्थानिय सरकार प्रदेश सरकार र संघिय सरकारले पहल गर्ने प्रतिवद्धता जनाएका थिए। यात्रुको माग हेरेर हप्ताको एकपटक उडान भर्ने प्रतिवद्धतासमेत उनको थियो। त्यसयता यसतर्फ भने कसैको चासो नजाँदा अहिले कोटबाडा विमानस्थलमा परीक्षण उडानमै सीमित भएको छ।

कालिकोट जिल्लाको नरहरिनाथ गाउँपालिका-१, कोटबाडामा रहेको सुनथराली विमानस्थल परीक्षण उडान भएको आठ महिनासम्म सञ्चालनमा आउन सकेको छैन्। गत वर्षको १४ फागुनमा

बाँकी ३ पेजमा

## भाडादर तोकियो

निगमले सुर्खेत, नेपालगन्ज र धनगढीबाट सुनथराली विमानस्थलमा उडानका लागि भाडादर कायम गरिसकेको छ। नेपालगन्ज-कालिकोटका लागि प्रतिव्यक्ति पाँच हजार पाँच सय ५१, सुर्खेत-कालिकोट तीन हजार नौ सय एक रुपैयाँ र धनगढी-कालिकोट पाँच हजार दुई सय ४९ रुपैयाँ भाडा दर कायम गरिएको नेपाल नागरिक उड्यन प्राधिकरणले जनाएको छ।

## नीजि कम्पनीसँग छलफल हुँदै

सुनथराली विमानस्थल सञ्चालनका लागि बायुसेवा निगमसँग गम्भीर भएको र नेपाल वायुसेवा निगमसँग पर्याप्त जहाज नहुँदा उडानमा समस्या भएको प्राधिकरणका उपमहानिर्देशक प्रेमनाथ ठाकुरले बताए। ‘सुनथराली विमानस्थलमा जहाज उडानका लागि हामी जुनसुकै कम्पनीलाई पनि अनुमति दिन तयार छौं’, उनले भने, ‘निजी कम्पनीसँग पनि छलफल गरिरहेका छौं।’

**खर्चको छैन लेखाजोखा**

बाँकी ४ पेजमा

# क्षयरोगबाट राउटे युवकको मृत्यु

**युग संवाददाता**
**दैलेख, ३ असोज ।**



क्षयरोगबाट एक जना राउटे युवकको मृत्यु भएको छ। २२ वर्षीय वृषबहादुर शाहीको क्षयरोगबाट मृत्यु भएको हो। मृतक शाहीलाई गत भदौ ३१ गते उपचारको लागि प्रदेश अस्पताल सुर्खेत लगिएको थियो।

उनको उपचार सम्भव नभएपछि राउटे समुदाय बसोबास गरेको स्थान गुराँस गाउँपालिका १ सिमेसाल फर्किँदै गर्दा वुधवार राती ९ बजे सुर्खेतको कल्यानकाँधमा उनको मृत्यु भएको राउटे परियोजनाका स्वास्थ्यकर्मी विनोद बिसीले जानकारी दिए। बिसीका अनुसार मृतक शाही विगत ६ महिना देखी बिरामी थिए।

उपचार गर्न नमानेको र सम्झाई बुझाई गरी भदौ ३१ गते उपचार गर्न सहमति जनाएसँगै उनलाई प्रदेश अस्पताल सुर्खेत लगिएको स्वास्थ्यकर्मी विसीले जानकारी दिए। गुराँस गाउँपालिकाको सहयोगमा प्रदेश अस्पताल सुर्खेत लगेर खकार चेक गर्दा क्षयरोग (टिबी) रोग देखिएको स्वास्थ्यकर्मी विसीले बताए।

उपचारमा संलग्न चिकित्सकले सरुवा टिबी भएको जानकारी दिएका छन्। क्यान्सरको आशंकामा मासु लिएर चेक गर्न खोज्दा राउटे समुदाय मन्जुर नहुँदा अस्पतालले डिस्चार्ज गरिदिएपछि फर्किँदै गर्दा बाटोमा शाहीको मृत्यु भएको हो। मृतक युवक कल्याल जातीका मुखिया वीरबहादुर शाहीका साँईला सन्तान हुन्। यस अघि उनका दाजु कपिल शाहीको ६ बर्ष अघि मृत्यु भएको थियो। २०७२ सालमा कपिल अछामको भैरवस्थानको कुजेडामा आगोले पोलिएका थिए। कपिल वीरबहादुर शाहीका जेठा छोरा हुन्। मृतक वृषबहादुर शाहीसँगै राउटेको जनसंख्या घटेर १३४ मा झरेको छ। हाल यो समुदाय गुराँस गाउँपालिका १ को सिमेसालमा बसोबास गरिरहेका छन्। २०७५ असार यता यो समुदायमा ४३ जनाको मृत्यु भएको छ भने ३१ जनाको मात्र जन्म भएको जनाइएको छ।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.:** ९८२९६७५६५०, ९७६९७७२९२३

# मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

**युग संवाददाता**
**नेपालगन्ज, ३ असोज ।**

बाँकेमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। राप्तीसोनारी गाउँपालिका ४ लालपुर चोकमा दुई वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा राप्तीसोनारी ४ का ३५ वर्षीय रामशरण थारु र राप्तीसोनारी ३ खैरेनीका १८ वर्षीय बसन्त थारुको मृत्यु भएको इलाका प्रहरी कार्यालय धामपुरले जनाएको छ। प्रहरीका अनुसार भे १२ प ३९९५ र भे १२ प ४८२८ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा गम्भीर घाइते भएका दुवै जना मोटरसाइकल चालकको उपचारका क्रममा नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल नेपालगन्जमा मृत्यु भएको हो।

त्यसैगरी भे १२ प ३९९५ नम्बरको मोटरसाइकलको पछाडि सवार बर्दियाको राजापुर-४ घर भई हाल राप्तीसोनारी-४ धामपुर बस्ने ३१ वर्षीय अजय दहित तथा भे १२ प ४८२८ नम्बरको मोटरसाइकलमा सवार राप्तीसोनारी-३ खैरेनीका १६ वर्षीय संगीत थारु र वडा नम्बर ३ खैरेनीकै २१ वर्षीय संजय थारु घाइते भएका छन्। घाइतेहरूको नेपालगन्ज मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। तीव्र गतिका कारण दुर्घटना भएको प्रहरीले जनाएको छ।

### संविधान दिवसमा

# ‘दलितलाई खै’ अभियानको प्रदर्शन




**युग संवाददाता**
**काठमाडौं, ३ असोज ।**

दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र सुनारसहितका युवाहरूले चलाइरहेको ‘दलितलाई खै’ अभियानले बिहीबार काठमाडौंमा प्रदर्शन गरेको छ। गत साउन २३ देखि सुरु गरिएको अभियान अन्तर्गत

बाँकी ४ पेजमा

# ‘संविधानको अक्षरस पालनाबाट नागरिक अधिकार सुनिश्चित’


**युग संवाददाता**
**सुर्खेत, ३ असोज ।**



कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले संविधानको अक्षरशः पालना हुन सकेमात्र नागरिक अधिकार सुनिश्चित हुने बताए। संविधान तथा राष्ट्रिय दिवसको अवसरमा आज सुर्खेत वीरेन्द्रनगरमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख जोशीले सङ्घीय, समानुपातिक, धर्मनिरपेक्ष र समावेशी विशेषता बोकेको नेपालको संविधान कार्यान्वयनका लागि राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी र नेपाली जनता एक भएर अगाडि बढ्नुपर्नेमा जोड दिए। उनले भने, ‘संविधानमा उल्लेख गरिएका कुरा सबै कार्यान्वयन भएका छैनन् भन्नु अहिले नै उपयुक्त नहोला।’ प्रदेश प्रमुख जोशीले यो व्यवस्थाको प्रभावकारी कार्यान्वयनले मात्र जनताको अवस्था बदलिने जिकिर गरे। कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले संविधान लेख्दा कालो अक्षर भएपनि जनताको रगतबाट लेखिएको संविधान भएको उल्लेख गरे। लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा कमी कमजोरी मात्र नभई विकल्प खोज्ने छुट रहेको उनले जनाए । यद्यपि यसको कार्यान्वयनमा तीन तहका सरकारको आपसी समन्वय हुनुपर्ने उनको भनाइ थियो।

कर्णाली प्रदेशका सभामुख नन्दा गुरुङले संविधान नेपाली जनताको हकअधिकारका सर्वाङ्गीण क्षेत्रको दस्तावेज रहेको बताए। उनका अनुसार ऐतिहासिक उपलब्धिको रक्षा संविधानको परिपालनाबाट मात्र हुन्छ। नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलका नेता राजकुमार शर्माले संविधानमा व्यवस्था गरिएका हकअधिकार लागु हुन सकेमात्र मुलुकको समृद्धि र विकास हुने बताए। ‘करिब तीन दर्जन हाराहारीमा मौलिक हक छन् र ती सबैको कानुन बनेको छैन,’ उनले भने, ‘एकल तथा साझा सूचीका अधिकारअनुसार जान कञ्जुस्याई गर्दा संविधान र सङ्घीयता कार्यान्वयनमा चुनौति थपिएको छ।’

कर्णाली प्रदेश सरकारका प्रमुख सचिव चुडामणि पौडेलले संविधान र सङ्घीयताको प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकसहित नागरिकको हित हुने बताए। अहिलेको अवस्थाबाट माथी उठेर सबै तह, निकाय अर्थात क्षेत्रले आ-आफ्नो जिम्मेवारी र दायित्व पुरा गरे सुशासन कायम हुने एवं संविधानअनुसार अपेक्षित गन्तव्यमा पुग्न सकिने प्रमुख सचिव पौडेलको भनाइ थियो।



## सम्पादकीय....

# हर्ष बढाईले संविधान कार्यान्वय हुँदैन

नेपालको संविधान जारी भएको बिहिबारबाट नौ वर्ष पुरा भएको छ । ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासको जगमा ३ असोज २०७२ मा प्रथम राष्ट्रपति डाक्टर रामवरण यादवले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको संविधान जारी गरेका थिए । नौ वर्षअघि जनताका प्रतिनिधिले जनताका लागि नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरेका थिए ।सार्वभौम सत्तासम्पन्न नेपाली जनता, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् संविधानले गरेको छ । सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गर्दै विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने दुरदर्शी संकल्प संविधानले राखेको छ। जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्नु संविधानको मुल ध्येय हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित भई नेपालको संविधान २०७२ जारी भएको थियो ।

तर यो गौरवपूर्ण इतिहासले दशकमा पाइला टेक्दै गर्दा अझै पनि देशको आमुल परिवर्तन हुन नसकेका आवाजहरु बुलन्दित छन् । निरङ्कुश राणा शासन र पञ्चायती व्यवस्था तथा राजतन्त्रात्मक एकात्मक शासन व्यवस्थाको समूल अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासम्म मुलुकलाई डोऱ्याएका राजनीतिक दल र तिनका नेतृत्वले राजनीतिक प्रणालीको रूपान्तरणमा योगदान त गरे तर मुलुकको आर्थिक प्रशासनिक क्षेत्रमा समायानुकूल सुधार गर्न सकेनन् भन्ने आवजहरु अहिले प्रसस्त उठ्न थालेका छन् । संविधानले परिकल्पना गरेको संघीयता कायान्वयनका जटिलताका रुपमा संघमा निहित कतिपय अधिकारहरु संघ तथा स्थानीय तहमा विकेन्द्रिकरण हुन सकेका छैनन् । अर्कोतर्फ संविधानको मुलमर्म अनुरुप सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सुदृढ हुन नसकेको पछिल्ला राजनीतिक अभ्यासहरुले देखाइरहेका छन् । प्रदेशका लागि आवश्यक पर्ने कानुन निर्माणमा संघले ध्यान नदिने, संघमा हुने राजनीतिक फेरबदलको असर प्रदेशसम्म पर्ने लगायतका कारणले सात वटै प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्न नसकेको आरोप छ। जसको साइड इफेक्ट प्रदेश संरचना देशले धान्न सक्दैन भन्ने तर्कहरुले स्थान लिन थालेका छन् । अर्कोतर्फ ठुला राजनीतिक दलहरुले संविधान जारी भएको लामो समयपछि यसमा भएका केही अपूर्णताले स्थायित्व कायम हुन नसकेको भन्दै संसोधनको प्रस्ताव अगाडि सारेका छन् । यो उनीहरुको देश प्रतिको चिन्ता हो या सत्ताको स्वार्थ त्यो हेर्न धेरै टाढा जानुपर्ने स्थिती भने छैन ।

संघर्ष र बलिदानबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्नतर्फ दलहरुले ध्यान पुऱ्याउन नसक्दा देशमा निराशा बढेको चर्चा पनि उत्तिकै छ। राजनीतिक दलहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्दा पनि ओझेमा पारेका छन् । दलित, आदिवासी, सिमान्तकृत वर्गका महिला तथा बालबालिका सहजै राज्यको मुलप्रवाहमा आउन सक्ने स्थिती अझै बन्न सकेको छैन । संविधान कार्यान्वयमा आएको दशक पुग्न लाग्दा पनि देशमा किन आर्थिक समृद्धिसहितको राजनीतिक स्थायित्व कायम हुन सकेन ? संविधानको अक्षरस कार्यान्वियनमा नेपालको राजनीति किन चुकिरहेको छ ? लगायतका मुलभुत प्रश्न आमनागरिकको मानसपटलमा घुमिरहेका छन् । वर्षेनी संविधान जारी भएको दिन असोज ३ लाई हर्ष बढाई गरेर संविधान कार्यान्वयन हुँदैन । देशलाई अग्रगमनको बाटोमा लैजान अब पनि राजनीतिक शक्तिले ध्यान नपुऱ्याए संविधानले अंङ्गिकार गरेको व्यवस्था नै धरापमा पर्ने निश्चित छ। यसतर्फ राजनीतिक दलले बेलैमा ध्यान पुऱ्याउन ।

## विश्व

# मेटा र स्पोटिफाईद्वारा युरोपेली संघको एआईसम्बन्धी निर्णयको आलोचना

**पेरिस, ३ असोज ।**

मेटा र स्पोटिफाईलगायत कम्पनीको समूहले डाटा गोपनीयता र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को सन्दर्भमा खण्डित र असंगत निर्णय गरेको दाबी गर्दै युरोपेली संघको आलोचना गरेको छ ।

युरोपेली बजार पहिले नै कम प्रतिस्पर्धी हुँदै गएको र एआईको युगमा अझ पछाडि पर्ने जोखिम रहेको दाबी गर्दै अनुसन्धानकर्ता र औद्योगिक निकायले खुला पत्रमा हस्ताक्षर गरेका छन् । हस्ताक्षरकर्ताहरूले युरोपेली नागरिकको फाइदाका लागि एआई प्रशिक्षणमा युरोपेली डाटा प्रयोग गर्न सक्षम बनाउन डाटा गोपनीयता नियामकहरूलाई द्रुत र स्पष्ट निर्णय गर्न आह्वान गरेका छन् ।

फेसबुक, ह्वाट्सएप र इन्स्टाग्रामको मूल कम्पनी मेटाले हालै गोपनीयता नियामक निकायहरूको दबाबपछि आफ्ना एआई मोडेललाई प्रशिक्षण दिन युरोपेली प्रयोगकर्ताबाट डाटा संकलन गर्ने योजना स्थगित गरेको थियो ।

‘युरोपेली डाटा संरक्षण अधिकारीको हस्तक्षेपले एआई मोडेलहरूलाई प्रशिक्षण दिन कस्तो प्रकारको डाटा प्रयोग गर्न सकिन्छ भन्नेबारेमा ठूलो अनिश्चितता सिर्जना गरेपछि हालको समयमा नियामक निर्णय लिने काम खण्डित र अप्रत्याशित भएको छ,’ पत्रमा



भनिएको छ ।

युरोपेली आयोगका प्रवक्ताले युरोपेली संघका सबै कम्पनीबाट डाटा गोपनीयतासम्बन्धी नियमहरूको पालना गर्ने अपेक्षा रहेको बताए । मेटाले प्रयोगकर्ताहरूको गोपनीयता उल्लंघनका लागि रेकर्ड जरिवाना सामना गरेको छ, जसमा जिडिपिआरअन्तर्गत एक अर्ब युरोभन्दा बढीको एकल जरिवाना समावेश छ ।

युरपेली संघ प्रविधिको दुरुपयोग रोक्नका लागि डाटा गोपनीयतासम्बन्धी प्रमुख कानुन बनाउने पहिलो क्षेत्रीय संगठन बनेको छ। यसले यो वर्षको सुरुमा एआई ऐन लागू गरेको थियो ।


मेटा र अन्य प्राविधिक कम्पनीले कानुनी स्पष्टता खोजिरहेका दाबी गर्दै युरोपेली बजारमा आफ्नो सुविधाहरू प्रदान गर्न ढिलाइ गरिरहेका छन् । मेटाले गत वर्ष युरोपेली बजारमा ट्विटरको वैकल्पिक सञ्जाल थ्रेड्सको रिलिजलाई धेरै महिनासम्म ढिलाइ गरेको थियो ।

# संविधानमा जनताले दिएका सुझावको फाइल खोल्न नपाएका सुशील दा



वसन्तकुमार उपाध्याय

> यतिबेलाको सत्ता गठबन्धन संविधान संशोधनको जलपबाट बनेको भनिन्छ । त्यस कारण संविधानको कार्यान्वयन र आवश्यक संशोधन हुन सके देशले राजनीतिक रूपमा अघि बढ्न सहजता पाउने थियो ।



म यतिबेला नेपालगञ्जबाट संविधान चियाइरहेको छु । संविधानप्रति असहमति जनाउने मधेशकेन्द्रित दल र राष्ट्रिय प्रजातन्त्र पार्टीको उपस्थिति यहाँ छ । अनि यही ठाउँलाई कर्मभूमि बनाएका संविधान जारी गर्ने प्रधानमन्त्री स्व.सुशील कोइराला पनि यहीँबाट सांसदमा निर्वाचित भएका थिए ।

संविधान जारी गर्ने प्रधानमन्त्री जिताएको बाँके क्षेत्र नं. २ बाट यतिबेला राजतन्त्र आवश्यक रहेको बताउने पार्टी राप्रपाका महामन्त्री डा. धवल शमशेर राणा सांसद छन् ।

समय र जनताको चाहनाका अगाडि कसैको केही चल्दैन भनेको यही हो । ३ असोज २०७२ मा संविधान जारी भयो । तर, त्यसको तयारी २०६४ सालबाट चलिरहेको थियो । अझै विगत कोट्याउने हो भने त बीपी कोइरालाले संविधानसभाको चुनाव होस् भन्ने चाहेको समयसम्म फर्कनुपर्छ ।

असन्तुष्टि र अवरोध बर्लिन वालभन्दा अग्ला थिए । संविधान केवल एउटा कागजको खोस्टो हो, संविधान त नागरिकको अधिकारको मर्मसहितको दस्तावेज पनि त हो । त्यही मर्मलाई आत्मसात् गरेर तत्कालीन प्रधानमन्त्री सुशील कोइराला आफ्नो सत्ताको बटम लाइन नयाँ संविधान भनेर अघि बढेका थिए ।

दृश्यका घटनाक्रम सबैलाई थाहै छ । तर पर्दापछाडिका जालझेल, धम्की र अवरोधको फड्के किनारामा राष्ट्रपति डा. रामवरण यादव, प्रधानमन्त्री स्वयम् कोइराला र संविधानसभा अध्क्ष सुवासचन्द्र नेम्वाङ नै थिए । परिस्थिति संविधान जारी गर्नुको प्रतिकूलतातर्फ धकेलिँदो थियो ।

त्यसबीच प्रधानमन्त्री कोइराला जनताका सुझाव संकलनको फाइल खोलेर आएका सुझाव दर्ज गर्न चाहन्थे तर त्यसो गर्दा संविधान जारी नहुन सक्ने जोखिम बढ्न जाने आकलन थियो ।

त्यही अवधिमा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले संविधानको पहिलो मस्यौदामाथिको सुझाव संकलन गर्ने कार्यक्रममा चलिरहेको थियो । प्रधानमन्त्री कोइराला तिनै कार्यक्रममा निरन्तर सहभागी भइरहेका थिए ।

सुझाव संकलन भइरहँदा अन्तिमतिर प्रधानमन्त्री कोइराला दाङ, सुर्खेत, बाँके र बर्दियालगायतका जिल्लाहरूको भ्रमणमा निस्किएका थिए ।

जुलाई २१ सन् २०१५ बाँके र बर्दियाका कार्यक्रममा म आफैँ पनि सँगसँगै थिएँ । कतिपय ठाउँमा प्रधानमन्त्रीका प्रेस सल्लाहकार प्रतीक प्रधान पनि साथमा थिए ।

जनताका सुझावलाई सम्बोधन गर्न नसकिने परिवेश भइरहेको आभास प्रधानमन्त्री कोइरालाले चाँडै बुझिसकेका थिए । त्यता लाग्दा संविधान जारी हुन नसक्ने अवस्था आऊला भनेर प्रधानमन्त्री सचेत र सशंकित दुवै देखिन्थे ।

संविधान जारी गर्ने विषयमा नेपालका मुख्य-मुख्य राजनीतिक दलहरू सहमत भए पनि तराई-मधेशमा असन्तुष्टिको माहौल थियो ।

पटकपटक भएका संवाद, छलफल र उपायको खोजी जारी रहँदा दक्षिणी छिमेकी भारतले अस्वाभाविक सक्रियता देखायो । त्यसको असर संविधान घोषणा पर धकेलिन सक्ने सम्भावना बढ्दो थियो । त्यही परिस्थितिको पूर्वमूल्यांकन गरेर प्रधानमन्त्री कोइराला अघि बढिरहेका थिए ।

अनौपचारिक कुराकानीमा प्रधानमन्त्री कोइराला कूटनीतिक प्रयासलाई अघि बढाइरहेका सन्दर्भ जोड्ने गर्थे । संविधान जारी गर्दाबखतका ३ मुख्य पात्र प्रधानमन्त्री कोइराला र संविधानसभा अध्यक्ष नेम्वाङ दिवंगत भइसकेका छन् । तर, राष्ट्र प्रमुख रहेका डा. यादव जीवित पात्र हुन् । कतिपय नलेखिएका सन्दर्भ र त्यो माहौललाई जस्ताको त्यस्तै भोगेका पात्र पूर्वराष्ट्रपति डा. यादव नै हुन् ।

संविधान जारी हुँदाका बखत नेकपा एमाले र माओवादीले प्रधानमन्त्री कोइरालामाथि भरोसा देखाउनु कोइरालाको जीवनको ठूलो राजनीतिक उपलब्धि नै थियो । प्रधानमन्त्री कोइराला दातृ समुदाय, पश्चिमा, भारतलगायत शक्ति राष्ट्रहरूसँग निरन्तर अनौपचारिक संवादमा क्याभिटी वाल बनाएर सम्पर्कमा थिए ।

संविधान निर्माणको प्रक्रिया अघि बढाउने त्यही वर्ष २५ जेठमा भएको १६ बुँदे सहमति कारगर सिद्ध भयो । १२ वैशाखको अकल्पनीय भू-कम्पपछि देशमा सबै राजनीतिक दलहरू एक खालको फरक मनोविज्ञान लिएर सहकार्यका लागि जुटेका थिए ।

तर पनि बहुलवादका विषयमा राजनीतिक दलहरूमा विवाद चल्यो । संविधानका विषयवस्तुमा छलफल चलिरहेकै अवस्था थियो । संविधानमा बहुलवाद राख्न प्रधानमन्त्री कोइरालाले आफ्नो अडान कायम राखेको सन्दर्भ पनि उल्लेखनीय छ । भलै, त्यो प्रस्तावनामा भने लेखिएन ।

बीपी कोइरालाले संविधानसभाबाट संविधान जारी गराउने लक्ष्य लिएका थिए । तर, त्यो परिवेश बेग्लै थियो । त्यो राजनीतिक सपनालाई सुशील कोइरालाले साकार बनाएर गएका थिए ।

पहिलो संविधानसभा असफल भएर दोस्रो संविधानसभाबाट पनि संविधान जारी नभए देश ठूलो संकटमा फस्ने कुराले प्रधानमन्त्री कोइरालालाई सताइरहन्थ्यो । त्यसतर्फ प्रधानमन्त्री कोइराला सचेत पनि देखिन्थे ।

संविधान जारी गर्नु अघिल्लो वर्ष प्रधानमन्त्री कोइरालाले २०७१ सालको मंसिरमा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न गराएका थिए । प्रधानमन्त्री कोइरालाले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानका प्रधानमन्त्री नवाज शरिफलाई एक ठाउँ ल्याएका थिए ।

त्यो सम्मेलनपछि प्रधानमन्त्री कोइरालाको राजनीतिक आत्मविश्वास घत लाग्ने गरी बढेको देखिन्थ्यो । अनौपचारिक कुराकानी हुँदा कोइराला राजनीतिक सम्बन्धलाई आधार बनाएर कूटनीति अघि बढाउनुपर्ने मान्यता राख्दथे । कोइराला कूटनीतिक माध्यमबाट राजनीतिक सम्बन्ध सुधार हुन्छ भन्नेमा जोड दिँदैनथे ।

संविधानमा प्रत्येक १० वर्षमा मूल्याङ्कन र पुनरावलोकन हुन सक्ने सुविधा छ । त्यसकै जगमा अब त्यो सुविधाको उपभोग गर्न नेपालका राजनीतिक दलहरू अघि बढ्न सक्नुपर्छ । यतिबेलाको सत्ता गठबन्धन संविधान संशोधनको जलपबाट बनेको भनिन्छ । त्यस कारण संविधानको कार्यान्वयन र आवश्यक संशोधन हुन सके देशले राजनीतिक रूपमा अघि बढ्न सहजता पाउने थियो । *(शिलापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । आफ्नो अधिकार प्रातिका लागि संघर्ष गर्नु पर्ला । शिक्षामा वाधा आउनेछ । मन विचलित रहला । |
| वृष | आज कार्य सम्पादनमा सहजता मिल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ । रमाइलो यात्राको योग रहेको छ । |
| मिथुन | आज बौद्धिक काममा सफलता मिल्नेछ । कला र गलाको प्रभाव बढ्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । |
| कर्कट | आज प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । चलाखीपूर्ण बोलीले व्यवहारमा फाइदा हुनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| सिंह | सामाजिक र पारिवारिक सम्बन्धमा चिसोपन देखिन सक्छ । घरायसी समस्या बढ्नेछ । मित्रहरूले वचन पूरा नगर्दा आर्थिक हैरानी बेहोर्नुपर्छ । |
| कन्या | आज धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । राजनैतिक कार्यमा र साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| तुला | आज स्वइच्छा र स्वादिष्ट भोजन पाइनेछ । सामाजिक संस्थाबाट सहयोग पाइनेछ । बोलीको प्रभाव बढ्ने र नयाँ कार्यको योजना पनि बन्नेछ । |
| वृश्चिक | आज परिवारजनको साथले नयाँ आशा जगाउनेछ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन पनि सकिनेछ । |
| धनु | प्रयत्न गर्दा पनि उपलब्धि पाउन मुस्किल पर्नेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ । प्रेममा मनमुटावका साथै कार्य सम्पदनमा समस्या आउला । |
| मकर | आस मारेको काम बन्नेछ । अरुको मन जित्न सकिनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । सन्तान सुख मिल्नेछ । |
| कुम्भ | आज न्यायिक कार्यमा सफलता मिल्नेछ । दैनिक कार्यमा प्रगति हुनेछ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति होला । राज्यबाट मान सम्मान पाइनेछ । |
| मीन | आज पुराना र रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बैदेशिक कार्यमा सफलता मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पनि पत्ता लाग्नेछन् । |

# संघीयता र संविधानपछि सुदूरपश्चिमले के पायो ?

**युग संवाददाता**
**सुदूरपश्चिम, ३ असोज ।**

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार सुदूरपश्चिमको जनसंख्या २६ लाख ९४ हजार सात सय ८३ छ । त्यसको झण्डै १८ प्रतिशत अर्थात् चार लाख ८० हजार बढी राना र थारु समुदायका नागरिक यस प्रदेशमा छन् । उक्त समुदायले बिहीबारको दिन अर्थात् असोज ३ लाई कालो दिनका रूपमा मनाइरहेको छ । संविधानसभाबाट संविधान जारी भएको नौ वर्ष पूरा भएको छ, तर थारु समुदायको असन्तुष्टि अझै जिवित छ । उक्त समुदायको मुख्य असन्तुष्टि भने नेपालको संविधानअनुसार भएको राज्य पुनर्संरचनामा थियो । बेग्लै थरुहट राज्यको माग गर्दै लामोसमयसम्म आन्दोलन नै गरेको थियो, उक्त समुदायले । तर, सुदूरपश्चिम भने अखण्ड रह्यो ।




विद्यमान राज्य पुनर्संरचनामा असन्तुष्ट थरुहट आन्दोलनका अगुवा तथा थरुहट/थारुवान राष्ट्रिय मोर्चा कैलालीका संयोजक माधव थारु संघीयताले सुदूरपश्चिमलाई अझ सुदूर बनाउने प्रयास गरिरहेको भान हुन थालेको बताउँछन् । '२०७२ साल असोज ३ गते कैयौं उत्पीडनमा परेका वर्ग र समुदायको विरोधका बाबजुत संविधान जारी गरियो,' उनी भन्छन्, 'उक्त संविधानलाई विश्वको उत्कृष्ट संविधान पनि भनियो । तर, संविधान जारी भएपछि भएका राजनीतिक गतिविधिले जनतालाई सन्तुष्ट हुने गरि कुनै उदाहरणिय कार्य गरेको देखिएको छैन ।' संविधान जारी भएपछि सुदूरपश्चिमका पहाडी जिल्ला ओडारको रूपमा परिणत भएको भनाइ उनको छ । 'तराईका दुई जिल्ला कैलाली र कञ्चनपुरमा मात्रै विकासलाई सीमित पारिएको छ,' उनले भने ।

तीन दशकदेखि सुदूरपश्चिम प्रदेशमा पत्रकारितामा सक्रिय राम धामी पनि थारुको धारणामा सहमत छन् । संघीयतापछि बनेको सुदूरपश्चिम प्रदेशमा पनि सात पहाडी जिल्लालाई तराईका जिल्लाको उपनिवेशका रूपमा राख्ने कार्य गरिएको तर्क उनको छ । 'विकास र समृद्धि अहिले पनि पहाड चढ्न सकेको छैन,' उनी भन्छन्, 'सुदूरपश्चिमका नाममा आउने सबै स्रोत र साधनको उपभोग कैलाली र कञ्चनपुरले मात्र गर्दै आएको देखिन्छ । कैलाली र कञ्चनपुरले सुविधा पाउने र अन्य जिल्ला उत्पीडनमा परिरहने परम्परा संघीयतापछि पनि तोडिएको छैन ।'

झण्डै दुई साताअघि चिकित्सा शिक्षा आयोगले चिकित्साशास्त्रमा स्नातक (एमबीबीएस) का लागि सिट निर्धारण गरेको थियो । देशभरका २५ वटा मेडिकल कलेज र प्रतिष्ठानले एमबीबीएस अध्यापनका लागि अनुमति पाउँदा उक्त सूचीमा सुदूरपश्चिमको नाम अटाएन ।

नेकपा एमालेबाट सुदूरपश्चिम प्रदेशसभा सदस्य धर्मराज पाठक संघीयतापछि पनि काठमाडौंको नजर सुदूरपश्चिममा पर्न नसकेको बताउँछन् । 'राज्य जहिल्यै पनि सुदूरपश्चिमप्रति विभेदकारी दृष्टिले हेरिरहेको छ,' उनले भने, 'सरकारले हालै २५ वटा स्वास्थ्य संस्थालाई दुई हजारभन्दा बढी एमबीबीएस कोटा प्रदान गरेको छ । कैलालीको गेटामा सात अर्बभन्दा ठूलो लगानीमा भौतिक संरचना निर्माण भइसक्दा समेत अस्पताल र चिकित्सा शिक्षाको अध्यापन सञ्चालन गर्न बेवास्ता गरिएको छ । हामी अहिले पनि काठमाडौंको विभेदमा बाँचिरहेका छौं ।'

नेपालको संविधानअनुसार प्रदेशले २१ वटा विषयमा एकल र २५ वटा विषयमा संघसँगको साझा अधिकारको रूपमा कुल ४६ वटा अधिकार पाएको छ । तर, ती अधिकारको सदुपयोग हुन नसक्दा संघीयताप्रति नै असन्तुष्टि बढेको बताउँछन् पत्रकार धामी । 'अहिले संविधानको कार्यान्वयनमा पनि प्रदेश सरकार चुकेको देखिन्छ,' उनी भन्छन्, 'अस्थिर सरकारका कारण पनि प्रादेशिक संरचनामा सबैभन्दा बढी असन्तुष्टि बढेको देखिन्छ ।'

संविधानको अनुसूची ६ मा उल्लेख भएअनुसार प्रदेशको आफ्नै प्रहरी र सुरक्षा संयन्त्र हुनेछ । त्यस्तै, प्रदेश विश्वविद्यालय, प्रदेश अनुसन्धान ब्युरो तथा प्रदेश लोकसेवा आयोग पनि प्रदेशकै अधिकार क्षेत्रभित्र पर्ने भनिएको छ । तर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवानाको अधिकार मात्रै प्रदेश सरकारबाट कार्यान्वयन भइरहेको आरोप लाग्दै आएको छ । *(शिलापत्रबाट)*

# 'संविधानले समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको छ'

**युग संवाददाता**
**कैलाली, ३ असोज ।**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले वर्तमान संविधानले गरेका व्यवस्था र परिकल्पना अनुसारको अभ्यासमा मुलुक क्रियाशील रहेको बताएका छन् । संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ का अवसरमा सुदूरपश्चिम प्रदेश मूल समारोह समितिले बिहिवार धनगढीमा आयोजना गरेको कार्यक्रममा उनले वर्तमान संविधानबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत



हुन पुगेको छ भने । उनले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बाल मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य जस्ता लोकतान्त्रिक मूल्य र मान्यताको जगमा दिगो शान्ति सुशासन विकास र समृद्धि प्राप्तिका लागि मार्ग प्रशस्त गरेको बताए । मुख्यमन्त्री शाहले केन्द्रीकृत र एकात्मक शासन व्यवस्थाको स्थापनामा सङ्घात्मक शासन प्रणालीको व्यवस्था गर्नु यो सङ्घीयताको अर्को महत्वपूर्ण उपलब्धि रहेको छ भने । साझा शासन र सुशासनको उचित तालमेल मिलाई, सहकार्यता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको दिगो व्यवस्थापन गर्न वर्तमान संविधानले दिशा निर्देश गरेको उनले उल्लेख गरे ।

## दुई...

विमानस्थलको औपचारिक उद्घाटन गरिएको भएपनि अहिलेसम्म नियमित उडान हुन सकेको छैन् ।

औपचारिक उद्घाटन भएको आठ महिना बित्दापनि विमानस्थल सञ्चालन नआउँदा अहिले स्थानीय निरास बनेको छन् । ३९ वर्षदेखि निर्माणधिन विमानस्थल अहिलेसम्म नियमित उडान नहुँदा आश्चर्य लागेको स्थानीय राजकुमार विष्टले बताए । 'औपचारिक उद्घाटन भएको आधा वर्ष हुँदा पनि त्यो सपना पूरा भएन, पूरा हुन अझै कति समय लाग्ने हो,' उनले भने, ' विमान आउने सडक पूर्वाधार राम्रो नभएकाले पनि विमानस्थल चल्ने निश्चित छ ।' उद्घाटनका क्रममा नागरिक उड्डयन प्राधिकरणले सातामा एकपटक सुर्खेत र नेपालगन्जबाट सुनथराली विमानस्थलमा उडान भर्ने प्रतिबद्धता जनाएको थियो । तर, प्राधिकरणले अहिलेसम्म सुनथराली विमानस्थलमा उडान भर्न अनुमति नदिएको नरहरिनाथ गाउँपालिकाका प्रवक्ता प्रदीप बोहराले बताए । 'राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमसँग जहाज अभाव हुँदा उडान हुन सकेको छैन्,' उनले भने, 'नेपाल वायुसेवा निगमले सातामा एकपटक उडान भर्नेगरी सहमति भएको थियो ।' निगमसँग भएका दुईमध्ये एक जहाज ग्राउन्डेड भएपछि नियमित उडान हुन नसकेको गाउँपालिकाका अध्यक्ष नगेन्द्र विष्टले जानकारी दिए । 'निगमले तोकेको भाडादरमा निजी कम्पनीले उडान गर्न नमानेका कारण नियमित उडान हुन सकेको छैन्,' उनले भने, 'निजी क्षेत्रका सीता, तारा र अन्य एयरलाइन्ससँग कुरा भरहेको छ ।'


# Beldandi Rural Municipality

## Office of The Rural Municipal Executive

**Beldandi, Kanchanpur**
**Sudurpaschim, Province, Nepal**

## Invitation of Bids

**Invitation for Bids No: BRM/2081/82/Works/NCB-02**

**Date of publication: 2081/06/04**

**Name of the Development Partner [if applicable]:** NA

**Loan/Credit/Grant No [if applicable]:** Matching fund from federal government

1. Beldandi rural municipality has allocated funds towards the cost of Procurement of Construction of RCC road from Shivnagar bridge to Khairighat Chaurah to Baibah chauraha ,ward no.03, Beldandi Kanchanpur and intends to apply part of the funds to cover eligible payments under the Contract for Procurement of Construction of RCC road from Shivnagar bridge to Khairighat Chaurah to Baibah Chauraha ,ward no.03, Beldandi Kanchanpur. BRM/2081/82/Works/NCB-02. Bidding is open to all eligible bidders as per Section V of bidding document.
2. Beldandi rural municipality ,Office of the rural municipal executive,Beldandi,Kanchanpur invites electronic bids from eligible bidders for the construction of RCC road from Shivnagar bridge to Khairighat Chaurah to Baibah Chauraha ,ward no.03,Beldandi Kanchanpur under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures . Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 4,17,91,652.00
   - Minimum Work experience of similar size and nature: at least One (1) Contract within the last ten (10) years, with a value of at least NRs. 1,11,44,441.00
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Beldandi Rural Municipality, Office of the rural municipal executive,Beldandi Kanchanpur, telephone number 9865972701 and email address beldandirm12@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NMB Bank    Name of Office : Beldandi rural municipality

   Office Code no. : ……………………….Office Account no.: 1180067400500015

   Rajaswa (revenue) Shirshak no. :………………………………….
6. Pre-bid meeting shall be held at Beldandi Rural municipality,Office of the Rural Municipal executive,Beldandi kanchanpur at 13:00 on 2081/06/22.[1]
7. Electronic bids must be submitted to the office Beldandi Rural Municipality,Office of the rural municipal executive,Beldandi Kanchanpur through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 pm on 2081/07/04. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2081/07/04 at the office of [Beldandi rural Municipality,Office of the rural municipal executive,Beldandi Kanchanpur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of NRs.8,11,000.00 which shall be valid for 30 days beyond the validity period of the bid i.e.Feb 16 2025.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# Beldandi Rural Municipality

## Office of The Rural Municipal Executive

**Beldandi, Kanchanpur**
**Sudurpaschim, Province, Nepal**

## Invitation of Bids

**Date of First Publication: - 2081/06/04**

1. Beldandi Rural Municipality, Beldandi Kanchanpur Invites electronic bids from eligible bidders for following works under National Competitive Bidding Procedure.

| Contract Identification No. | Description and Location of Works | Estimated Amount NRs. (Without VAT and contingencies) | Bid Security Valid Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| BRM/2081/82/ Works/NCB-03 | Black top road construction work from Hulaki road Jeet Bahadur Chand house-Punna Parki shop-New ward office building road-Birendra Kathayat House-Siddhachowk, ward no.01 ,Beldandi Kanchanpur. | 1,12,18,028.18 | 120 days | 3,17,000/- | 3000/- |
| BRM/2081/82/ Works/NCB-04 | Construction of RCC road from Khairighat to Beldandi Bazar,ward no.01, Beldandi Kanchanpur | 1,00,09,135.02 | 120 days | 2,83,000/- | 3000/- |

2. Purchase, Submission and Opening details

| Last date of Bid Submission | | Opening of Bid | | Bidders should download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp . For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2081/07/04 | 12:00 | 2081/07/04 | 13:00 | |

3. Information to deposit the cost of bidding document in bank: Name of Bank:NMB Bank ,Beldandi.

   Name of office:Beldandi Rural Municipality.

   Office Rajaswa Account no.1180067400500015
4. Electronic bids must be submitted to the office ***Beldandi Rural municipality ,Office of Rural Municipal executive,Kanchanpur***through PPMO's e-GP system ***www.bolpatra.gov.np.*** on before 12 pm on 2081/07/04..Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of bidders representatives who choose to attend at 1;00 PM on 2081/07/04 at the office of ***Beldandi Rural Municipality, Office of Rural Municipal Executive, Kanchanpur.***Bids must be accompanied by a bid security for scanned copy of the bid security in pdf format in case of e-bid amounting to a minimum of above mentioned bid security amount which shall be valid for 30 days beyond the validity period of the bid.If bidder wish to submit bid security in the form of cash ,the cash should be deposited in

   Name of Bank: **NMB Bank, Beldandi, Kanchanpur**

   Name of Office: ***Beldandi Rural Municipality, Office of Rural Municipal Executive Kanchanpur***.

   Deposit account number:1180067400500041 ग ३.
6. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp . For further information about invitation of bids, purchase of bidding documents, submission & opening of bids, etc. contact **Beldandi Rural Municipality, Office of Rural Municipal Executive,Kanchanpur.**
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
8. Rural Municipality reserves all right to accept or reject, wholly or partially any or all the sealed Tender without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# आश्रममा भोजन अर्पणदेखि नारी सम्मान गर्दै सुर्खेत महिला जेसीज

◣युग संवाददाता
सुर्खेत, ४ असोज ।

सुर्खेत महिला जेसीजले वृद्धा आश्रममा भोजन अर्पणदेखि नारी सम्मानसम्मका कार्यक्रम गर्न लागेको छ। नेतृत्व विकास र सामाजिक रूपान्तरणका लागि हरेक वर्ष विविध कार्यक्रम गर्दै आएको सुर्खेत महिला जेसीजले वर्ष २०२४ अन्तरगत सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रम गरेर मनाउन लागिएको हो।

सप्ताहव्यापी कार्यक्रमको उद्घाटन यहीँ असोज ५ गते तुल्सी स्मृति वतृत्वकलाको प्रतियोगिताको आयोजनाबाट शुरूवात गर्न लागिएको सुर्खेत महिला जेसीज २०२४ का अध्यक्ष मीना गुरूङले जानकारी दिईन्।



असोज ६ गते वृद्धा आश्रममा भोजन कार्यक्रम, ७ गते भेरी नदी नजिकै रहेको आर्यघाट प्रतिक्षालय सरसफाइ, ८ गते प्रभाकारी भाषण कला तालिमको आयोजना गरेको छ। यस्तै असोज ९ गते कानुन साक्षरता कार्यक्रम, असोज १० गते मानसिक स्वास्थ्य सम्बन्धि सचेतना, असोज ११ गते जेसीज र होप पोलिक्लिनिक एण्ड डाइगोनोस्टिक सेन्टर प्रा.लि. संग समझदारी पत्रमा हस्ताक्षर र अन्तिम दिन असोज १२ गते नारी सम्मानसँगै पुरस्कार वितरण गरेर सप्ताह समापन गरिने अध्यक्ष गुरूङको भनाई छ।

सप्ताहव्यापी कार्यक्रमलाई सफल पार्न जेसी सीखा सोनी, हिमाली पाण्डे, विजय गौतम, भीमा शाही, भावना राना, सगुन गिरी, कान्त कार्की, सृजना गुरूङ, बसन्ती कार्की र चन्द्रा थापालाई संयोजक तोकेर जिम्मेवारी दिएको छ।

## संविधान...

बिहीबार संविधान दिवसमा पनि माइतीघर मण्डलमा विभिन्न प्लेकार्डसहित प्रदर्शन गरिएको हो। 'संविधान बन्यो दलितलाई खोइ!', 'लोकतन्त्र आयो दलितलाई खोइ!' लगायतका नाराहरू लगाइएका थिए।

पछिल्लो पटक मन्त्रिपरिषद् गठन असमावेशी भएको, डेढ दर्जन राजदूत नियुक्ति गर्दा समेत समावेशी व्यवस्थालाई बेवास्ता गरिएको, जातीय भेदभाव र छुवाछुतको निर्मूल पार्नका लागि सरकारले प्रभावकारी कानुन, नीति कार्यक्रम र बजेटको समेत प्रबन्ध नगरेको भन्दै युवाहरूले माइतीघरदेखि बानेश्वरसम्म विभिन्न प्ले-कार्डसहित र्‍याली निकालेर दलितलाई खै? भन्दै प्रदर्शन गरेका हुन्।

## खर्चको छैन लेखाजोखा

विमानस्थल निर्माण थालिएको तीन दशक नाघ्दा कति खर्च भयो भन्ने कुनै लेखाजोखा छैन। कहिले ठेकेदार, कहिले उपभोक्ता समिति त कहिले मन्त्रालय आफैँले काम गरेकाले कति खर्च भयो भन्ने कुनै लेखाजोखा नरहेको जिल्ला समन्वय समिति कालिकोटका पूर्व इञ्जिनियर चक्रबहादुरले शाही बताए। 'कहिले ठेक्कामार्फत कहिले उपभोक्ता समिति मार्फत काम भयो,' उनले भने, 'अहिलेसम्म खर्च कति भयो अत्तोपत्तो छैन।' दैनिक तीन सय रुपैयाँ पाउने मजदुरको ज्याला हजार पुग्यो कोटबाडा विमानस्थल निर्माण कार्य कुन गतिमा अघि बढिरहेको थियो भन्ने कुरा थाहा पाउन त्यहाँ कार्यरत कामदारको ज्यालालाई उदाहरणको रुपमा लिन सकिने पूर्व जिल्ला विकास समितिका सदस्य कटबहादुर बिष्टका बताए। 'वि.सं. २०४२ सालमा निर्माण कार्य शुरु हुँदा त्यहाँ काम गर्ने मजदुरको दैनिक ज्याला तीन सय रुपैयाँ थियो,' उनले भने, 'अहिले यो बढेर १५ सय पुगिसकेको छ, तर काम अझै सम्पन्न भएको छैन।'


अनुसूची-१०
दफा १.१५.४ (च) सँग सम्बन्धित
निक्षेप उपर हकदावीको सूचना

**राष्ट्रिय बाणिज्य बैंक लि.**
**शाखा कार्यालय, सुर्खेत**

**३५ दिने सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१/६/४)

सुर्खेत जिल्ला वीरेन्दनगर-४ बस्ने सुशिला देवी न्यौपानेको मिति २०८१/५/२ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा नाता पर्ने वीरेन्द्रनगर-६, सुर्खेत बस्ने श्याम राज न्यौपानेले यस बैंकमा मिति २०८१/६/२ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय सुर्खेतमा हकदावी गर्न आउनु होला। सो म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भै जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।



**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन्।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



**लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका विरामीहरु केहि समय यता बढिरहेकाले रोकथामका उपायहरु अपनाउन अनुरोध गरिन्छ।**

**डेंगी रोगका लक्षणहरु:**



- एक्कासि ज्वरो आउने।
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने।
- थकान महसुस हुने।
- वाकवाकी लाग्ने वा बान्ता हुने।
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रुचि नलाग्ने।
- यी लक्षणहरू देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस्।

**डेंगी रोगको रोकथामका उपायहरु:**

- पुरा बाहुला भएको लुगा लगाउने।
- झुल भित्र मात्र सुत्ने।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने।
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने।
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने।
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टेछिर्न नसक्ने गरी छोप्ने।
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर निस्कदा वा पार्कमा जाँदा र बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने।

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जनस्वास्थ्य शाखा, सुर्खेत




**घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१






**GANGAMALA TRAVELS & TOURS PVT. LTD.**
Birendranagar-6, Surkhet   9851329169, 9858052810


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।